# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

## बजेट सिलिङ्ग र मार्गदर्शन, आ.व. २०७९/८०

स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। जस अनुसार भीमेश्वर नगरपालिकाले आ.व. २०७९/८० का लागि वार्षिक विकास योजना तर्जुमा गर्न लागेको सन्दर्भमा आर्थिक, सामाजिक र पूर्वाधार लगायतका क्षेत्रमा विकास गरी लाभको न्यायोचित वितरण गर्दै समृद्ध भीमेश्वर निर्माण र दीगो विकासका लागि वार्षिक योजना बनाउन आवश्यक छ। तसर्थ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, नेपालको पन्ध्रौं योजना, बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१), भीमेश्वर नगरपालिकाको बृहत आवधिक योजना(२०७६/७७-२०८०/८१) विकासका अन्तरसम्बन्धित विषयहरू, दीगो विकासका लक्ष्यहरु लगायत महामारीजन्य तथा विपदजन्य जाखिम र तथा यसबाट अर्थतन्त्रमा पर्न सक्ने जोखिमलाई मध्येनजर गर्दै नीतिगत रुपमा जोड दिनु पर्ने क्षेत्रलाई आधार मानी योजना तर्जुमा गर्नु पर्ने भएको हुँदा यस नगरपालिकाबाट वडाहरुलाई आ.व. २०७९/८० को वार्षिक विकास योजना तर्जुमाका लागि आवश्यक मार्ग दर्शन र बजेट शिलिङ्ग तयार गरिएको छ।

### क. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा निम्न विषयहरूलाई प्राथमिकता दिनुपर्ने छ।

१. वडा तथा नगरपालिकाको समृद्धिको आधार हुने,

२. आर्थिक विकास, (पुँजी निर्माण, उद्यमशीलता विकास, रोजगारीको बृद्धि, उत्पादनको बजारमा पहुँच) एवम् गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना तथा कार्यक्रम

३. स्थानीय स्रोत साधन र सीपको प्रयोग, सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजना तथा कार्यक्रम

४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, प्रकोप व्यवस्थापनमा सहयोग पुऱ्याउने,

५. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, लगायत आवश्यक देखेका अन्य बिषयहरू।

### ख. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा निम्न विषयगत क्षेत्रहरू तोक्नुपर्ने छ।

१. **आर्थिक विकास** : गरिवी निवारणमा सहयोग पुग्ने, व्यवसायिक कृषि प्रणाली तथा पशुपालन, बाँझो जग्गाको उपयोग, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रहरू, आदि,

२. **समाजिक विकास** :आधारभूत तथा माध्यामिक शिक्षा, आधाभूत स्वास्थ्य, स्वास्थ्य पुर्वाधार सुधार, खानेपानी तथा सरसफाइ, भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रवर्धन, खेलकुद तथा मनोरञ्जन, टोल विकास संस्था गठन तथा परिचालन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरूको व्यवस्थापन, दलित, आदिवासी जनजाति आदि) जस्ता क्षेत्रहरू,

३. **पूर्वाधार विकास** : सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा सञ्चार, पुनर्निर्माण, एकिकृत बस्ती विकास आदि क्षेत्रहरू,

४. **वन, वातावरण तथा विपद् व्यबस्थापन** : वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्रहरू,

५. **सुशासन तथा संस्थागत विकास** :न्यायिक समितिको संस्थागत विकास, मेलमिलाप तथा मध्यस्थता, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजशव परिचालन, नगर प्रहरी, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना प्रविधि, स्थानीय तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन जस्ता क्षेत्रहरू।

### ग. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा ध्यान दिनुपर्ने विषयहरू निम्नानुसार छन्।

दीगो विकास लक्ष्य, भईरहेका पूर्वाधारहरूको स्तारोन्नती गर्ने, अधुरा आयोजनाहरू पूरा गर्ने, भूमि व्यवस्थापन सहयोग पुग्ने, दीगो उपयोग हुने, लैङ्गिक तथा बालमैत्री हुने, राजश्वलाई बृद्धि गर्ने, कृषि, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन हुने, वन तथा जडिबुटी जस्ता कच्चा पदार्थमा आधारित उद्योग विकास गर्ने, लक्षित वर्गको उत्थान तथा रोजगरी सिर्जना गर्ने, सार्वजनिक तथा निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने,

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७२

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सकिने, बढी जनसहभागिता उपलब्ध हुने, अन्य वडाहरूसँग सहकार्य हुने र आयोजनाहरू बीचको आवद्धता हुने कार्यक्रम तथा आयोजनाहरूलाई महत्व दिनुपर्ने छ।

२. प्रतिफल र औचित्य पुष्टि गर्न नसकिने, परिभाषित कार्यक्रम नतोकिएका, वितरणमुखी प्रकृतिको, वित्तीय जोखिम भएको, सीमित व्यक्ति, समूह वा संस्थालाई फाईदा हुने प्रकृतिका, टुक्रे प्रकृतिका, सडक, नदीक्षैत्र जस्ता सार्वजनिक क्षेत्रहरू अतिक्रमण हुने प्रकृतिका, रकम खर्च गर्न नसकिने जटिल प्रकृतिका, एउटै आयोजना अन्तर्गत धेरै प्रकृतिका कार्यहरू रहने तथा सडक नयाँ ट्रयाक खोल्ने आयोजनाहरू छनौट गर्न पाइने छैन।

३. आय व्यय अनुमान गर्दा आ.व. ०७९/८०, ०८०/८१ र ०८१/८२ सम्मको मध्यकालीन खर्च संरचनाको खाका बमोजिम तयार गर्नुपर्ने छ।

## घ. वडा समितिले निम्न बमोजिम बस्ती तहको आयोजनाहरू छनौट गर्नु पर्ने छ।

१. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जूमा गर्न सहजीकरण गर्ने गरी योजना तर्जूमा गर्नु पर्ने विद्यमान व्यवस्था भएकोमा कोरोना माहामारीको कारण बस्ती भेला गर्न नसकिने अवस्थामा वडा समिति, नगरको बृहत आवधिक योजना तर्जूमा प्रकृयाको सन्दर्भमा गठित विभिन्न उपसमितिका प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, महिला, दलित जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक र बालबालिकाको सहभागितामा सामाजिक दुरी कायम गर्दै बैठक बसी नगरको आवधिक योजनालाई समेत दृष्टिगत गरी आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्ने छ।

२. यसरी सबैक्षेत्रको सहभागितामा योजना छनौट भइ सकेपछि वडा समितिले योजनाहरुको यस मार्ग दर्शनमा तोकिएको मापदण्ड र वडालाई प्राप्त सिलिङ्गको आधारमा प्राथमिकीकरण गरी वडा समितिको निर्णय सहित योजनाहरुको सूची (हार्डकपी र सफ्ट कपी) २०७९ असार २ गतेभित्र नगरपालिकामा बुझाउनु पर्नेछ

३. प्रत्येक वडाले भौतिक पूर्वाधार आयोजना छनौट गर्दा कम्तीमा रु. ५ लाख भन्दा ठूला आयोजना छनौट गर्नु पर्ने छ। भौतिक पूर्वाधार तर्फ ३ देखि ५ वटा आयोजना छनौट गर्न सकिने छ। आयोजनाहरूको कुल संख्या १० देखि १२ वटासम्म हुनुपर्ने छ। सडकमा नयाँ ट्रयाक खोल्न निरुत्साहित गर्नुको साथै स्तरोन्नती र सडकको दायाँबाँयाँ हरियाली प्रबर्द्धनमा प्रोत्साहित गर्नु पर्ने छ।

४. प्रत्येक वडाबाट एक भन्दा बढी वडासँग सम्बन्धित हुने रु. १० लाख भन्दाबढी लागत भएका नगर गौरवको एक देखि दुई वटासम्म नगरस्तरीय आयोजना सिफारिस गनुपर्ने छ। त्यसैगरी संघ र प्रदेशमा सिफारिस गर्न रु. २५ लाख भन्दा बढी लागत अनुमान हुने, एक भन्दा बढी वडालाई फाइदा पुग्ने, ठूलो समुदायलाई लाभ पुग्ने, पूँजी सिर्जना गर्ने २ देखि ३ वटासम्म आयोजना सिफारिस गर्न सकिनेछ।

५. आर्थिक विकास तर्फ कृषिको आधुनिकीकरण र व्यवशायीकरण गर्नको लागि सहकारी वा समूह मार्फत एकै स्थानमा २० रोपनी भन्दा बढी क्षेत्रमा फलफुल खेती, ५० रोपनी भन्दा बढी क्षेत्रमा आधुनिक रुपमा अन्न उत्पादन, व्यक्ति वा फर्मले २० वा सो भन्दा बढी गाई / भैंसी पालन, व्यक्ति वा फर्मले ५० भन्दा बढी बाखा पालन जस्ता कार्यक्रमलाई प्राथामिकता दिन सकिनेछ। त्यस्ता व्यवशायिक उद्यमीको लागि पूर्वाधार, मेसिन/औजार अनुदान सहयोग, कोल्ड स्टोर, बजार केन्द्रको स्थापना जस्ता कार्यक्रम समावेश गर्न सकिनेछ।

६. एक वडा एक खेलमैदान, एक वडा एक पोखरी, एक वडा एक बाल उद्यान एवम् पार्क, र एक वडा एक पार्किङ्ग स्थल प्राथमिकता दिनु पर्नेछ।

७. वडामा छनौट भएका योजनाबाट लैंगिक समानता र सामाजीक समावेशीकाणलाई प्राथमिकता दिनुपर्ने छ।

## ङ. वडागत रुपमा योजनाको छनौट र प्राथमिकीकरण गर्नुपर्ने छ।

१. यो मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती/टोलबाट प्राप्त आयोजनाहरू मध्येबाट वडाको लागि प्राप्त बजेटको सीमाको अधिनमा रही आयोजनाहरू छनौट गर्ने र प्राथमिकता निर्धारण समेत गरी विषयगत क्षेत्रमा बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पेश गर्नुपर्ने छ।

२. बस्ती टोलबाट आयोजना माग गर्दा वडास्तरका महत्वपूर्ण आयोजनाहरू छुट भएको अवस्थमा वडा समितिले त्यस्तो आयोजनाहरू औचित्यको आधारमा समावेश गरी प्राथमिकता क्रममा आयोजनाको सूची तथा बजेट वडा समितिले बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पेश सक्नेछ।

३. वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा यस मार्गदर्शनमा तोकिएको आधारहरू बमोजिम गर्नुपर्ने छ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

च) आ.व. २०७९/८० का लागि संलग्न बमोजिम बिषय क्षेत्र तथा उपक्षेत्रगत बजेटको सिमा निर्धारण गरिएको छ ।

| नगरपालिकाको जम्मा बजेट रु. | X |
|---|---|
| **अनिवार्य वित्तीय दायित्व** | |
| **शिर्षक** | **बजेट (रू)** |
| चालु खर्च | A |
| वित्तीय व्यवस्थापन | B |
| बहुबर्षिय नगर गौरवका आयोजना | C |
| वडागत बजेट सिमा | D |
| (A+B+C+D) | Z |
| बाँकि बजेट (रू) Y | X - Z |

**बाँकि बजेट (Y) लाई कुल बजेट (१००%) मानी उपक्षेत्रगत बजेट बाँडफाँट गर्नुपर्ने छ ।**

| क्र.स. | विषयगत समिति / क्षेत्र | प्रतिशत | उपक्षेत्र | प्रतिशत |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | ३० | यातायात पूर्वाधार कार्यक्रम | ४० |
| | | | सिंचाई | १० |
| | | | भवन तथा शहरी विकास | ३० |
| | | | उर्जा | १० |
| | | | विविध | १० |
| २ | सामाजिक विकास | ३० | शिक्षा, युवा तथा खेलकुद | ३० |
| | | | स्वास्थ्य | १५ |
| | | | महिला | १० |
| | | | वालवालिका | १० |
| | | | अन्य लक्षित वर्ग | १५ |
| | | | सा.सु. / लैससास | १० |
| | | | कला, साहित्य, संस्कृति, प्रतिष्ठान | १० |
| ३ | आर्थिक विकास | २० | कृषिप्रसार सेवा | ३० |
| | | | पशुपालन / पशु स्वास्थ्य | २० |
| | | | उद्योग / औधोगिक ग्राम/ पर्यटन | २० |
| | | | राजश्व सुधार | १० |
| | | | सहकारी / विमा | १० |
| | | | अन्य | १० |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | वन वातवरण तथा विपद व्यवस्थापन | १० | वातवरण, SDG: 6,7,13 | १० |
| | | | विपद व्यवस्थापन कोष | ४० |
| | | | MEOC संचालन | २० |
| | | | DRR क्षमता विकास | १० |
| | | | सरसफाई व्यवस्थापन | २० |
| ५ | सुशासन सेवा प्रवाह र संस्थागत विकास | १० | प्रविधिमैत्री सेवा प्रवर्द्धन | ३० |
| | | | सूचनाको हक / सूचना व्यवस्थापन | २० |
| | | | कर्मचारी तालिम | २० |
| | | | R&D तथा प्रकाशन | १० |
| | | | अवलोकन भ्रमण | १० |
| | | | अन्य | १० |

छ). वडास्तरीय आयोजना सिलिङ्ग र क्षेत्रगत अनुपातः

| वडा नं. | नगरपालिकाको वडागत विनियोजन | शहरी शासकीय पूर्वाधार तथा पूर्वाधार आयोजना | प्रधानमन्त्री रोजगार कार्यक्रम | कुल सिमा |
|---|---|---|---|---|
| १ | १०००००००० | ५०००००० | १८००००० | १६८००००० |
| २ | १०००००००० | ७०००००० | १२००००० | १८२००००० |
| ३ | ९०००००० | ५०००००० | ९००००० | १४९००००० |
| ४ | ९०००००० | ५०००००० | १०००००० | १५०००००० |
| ५ | १०००००००० | ६०००००० | ९००००० | १६९००००० |
| ६ | ९०००००० | ५०००००० | १०००००० | १५०००००० |
| ७ | १०००००००० | ५०००००० | १२००००० | १६२००००० |
| ८ | १०००००००० | ५०००००० | १२००००० | १६२००००० |
| ९ | १०००००००० | ७०००००० | १८००००० | १८८००,००० |
| **जम्मा** | **८७००००००** | **५००००००००** | **११००००००** | **१४८००००००** |

ज) वडास्तरीय आयोजना क्षेत्रगत अनुपातः

**आ.व. २०७९/८० का लागि संलग्न बमोजिम बिषय क्षेत्र तथा उपक्षेत्रगत बजेटको सिमा निर्धारण गरिएको छ।**

यस आ.व. मा प्राप्त कुल बजेट सिमालाई १०० प्रतिशत मानी निम्नानुसार क्षेत्रगत विनियोजन गर्नुपर्नेछ।

| क्र.सं. | क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | पूर्वाधार | ५० |
| २ | महिला | १० |
| ३ | वालवालिका | १० |
| ४ | अन्य लक्षित वर्ग | १५ |
| | आर्थिक विकास (कृषिप्रसार, पशुसेवा) | १५ |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

## वडास्तरीय आयाोजना छनौट गर्दा निम्नानुसार कुराहरुमा ध्यान दिनुपर्ने छ ।

### १. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना तर्फ आयोजना छनौट गर्दा निम्नानुसार गर्नुपर्नेछ ।

१. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) का लागि सबै आयोजनाहरु सडक सम्बन्धी हुनुपर्ने छ'।
२. एउटा आयोजनाको बजेट अधिकतम २० लाख र न्युनतम १० लाख हुनु पर्नेछ ।
३. निर्माण सामाग्री ४४ प्रतिशत भन्दा बढी लाग्ने प्रकृतिका आयोजनाहरु (जस्तैः ढलानगर्ने कार्य) संचालन गर्नु पर्ने भए न्युनतम १५ प्रतिशत वडाको बजेटवाट साझेदारी अनिवार्य गर्नु पर्नेछ । एउटा २० लाखको आयोजनामा ढलान गर्नु परेमा वडाको बजेटवाट ३ लाख साझेदारी गर्नु पर्नेछ ।

### २. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ आयोजना छनौट गर्दा निम्नानुसार गर्नुपर्नेछ ।

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचीकृत श्रमिकहरुवाट मात्र आयोजना कार्यान्वयन गराउनु पर्नेछ ।
२. यस कार्यक्रमवाटनिर्माण सामाग्री वा अन्य खर्च लेख्न पाइने छैन⁄ सत प्रतिशत पारिश्रमिक भुक्तानी हुनेछ ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक वडामा आयोजना संख्या तीनवटा सम्म छनौट गर्नुपर्नेछ ।

### ३) वडास्तरीय आयाोजना छनौट गर्दा निम्नानुसार कुराहरुमा ध्यान दिनुपर्ने अन्य कुराहरुः

१. महिलाको वजेट लाई १०० प्रतिशत मानी साना पूर्वाधारमा ८० प्रतिशत र क्षमता विकास २० प्रतिशत खर्च गर्नपाईने छ ।
२. वालवालिकाको वजेट लाई १०० प्रतिशत मानी साना पूर्वाधारमा ८० प्रतिशत र क्षमता विकास २० प्रतिशत खर्च गर्नपाईने छ ।
३. लक्षित वर्गको वजेट लाई १०० प्रतिशत मानीसाना पूर्वाधार ८० प्रतिशतक्षमता विकास २० प्रतिशत प्रतिशत खर्च गर्नपाईने छ ।
४. अन्य लक्षित वर्ग भन्नाले आदिवासी जनजाती, दलित अल्पसंख्यक, जेष्ठनागरिक, अपाङगता भएका व्यक्ति, मधेसी, मुश्लिम आदि संझनु पर्नेछ ।
५. पूर्वाधार तर्फ प्रति वडा ५ वटासम्म र प्रवर्धनात्मक -शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, लक्षित वर्ग कार्यक्रम) १० वटामा सिमित गर्नुपर्नेछ ।
६. मध्यमकालिन खर्च संरचनाका आधारमा आगामी तीन वर्षका लागि आयोजना छनौट तयारी गर्नुपर्नेछ ।
७. आ.व.को चैत्र मसान्त भित्र छनौट भएका योजनाहरुको कार्यसम्पन्न गरिसक्ने व्यवस्था मिलाउनु गर्नुपर्नेछ ।
८. वडागत योजना जम्मा १०/१५ वटा हुन सक्नेछ ।
९. कम्तीमा दुई वटा नगरस्तरीय योजना सिफारिस गर्दा निम्न कुराहरुलाई ध्यान दिनुपर्ने छ ।
   - नगरपालिकाको पहिचान दिने, नगर गौरवका योजना
   - एक भन्दा बढी वडाहरुसँग सम्बन्धित
   - रु १० लाख भन्दा बढी लागतको योजना
१०. अन्य निकायमा सिफारिस गर्ने आयोजना (प्रदेश, संघ) निम्नानुसार हुनुपर्नेछ ।
   - रु २५ लाख भन्दा माथि लागत हुने
   - प्राविधिक ला.ई./DPR भएका योजनालाई प्राथामिकता दिने
   - एक भन्दा बढी वडा सम्बन्धित, नगर स्तरको, अन्तरपालिका स्तरको
   - ठूलो समुदायलाई लाभ पुग्ने, सामाजिक पूजी र रोजगारी श्रृजना गर्ने
   - नगर स्तरीय प्रति वडा २ वटा सम्म योजना
११. उत्पादकत्व बढाउने, मूल्य श्रृंखला (Value Chain) जोडिने आयोजना छनौट गर्नुपर्नेछ ।
१२. अन्य वडाहरुसँग सहकार्य प्रवर्द्धन गर्ने आयोजना छनौट गर्नुपर्नेछ ।
१३. सामाजिक विकासः सामान खरिद र वितरणलाई निरुत्साहित गर्ने, पूजीं निर्माण गर्ने र उत्पादनशिलता वृद्धि, राजश्व संकलनमा टेवा पुऱ्याउने आयोजना छनौट गर्नुपर्नेछ ।

उदाहरणहरुः

वालवालिकाका साना पूर्वाधार आयोजनाका उदाहरणहरु
   - विद्यालय कक्षा कोठा, फर्निचर, स्मार्ट कक्षा
   - कम्पाउन्ड वाल, वालमैत्री/लैगिंकमैत्री शौचालय, खानेपानी

वालवालिकाको क्षमता विकास २० प्रतिशत अन्तर्गतः
   - कमजोर वालवालिकाका लागि अतिरिक्त कक्षा व्यवस्थापन

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

- वालमैत्री स्थानीय शासनका क्रियाकलाप
- विज्ञान सामाग्री तयारी, प्रतिस्पर्धा, प्रदर्शन
- विपन्न, वाबु आमा गुमाएका वालवालिका छात्रवृति
- पुस्तकालय व्यवस्थापन आदि

**४) लक्षित वर्ग कार्यक्रमः**

१. साना पूर्वाधार आयोजनाका उदाहरणहरु
- खानेपानी आयोजना, स्वास्थ्यचौकी
- लक्षित वर्गका लागि साझा सुविधा केन्द्र
- सहकारी भवन
- खोर गोठ निर्माण/सुधार
- कृषि प्रविधि, सिंचाई आदि

२. सीप क्षमता विकास २० प्रतिशत अन्तर्गतः
- उद्यमशिलता विकास समन्धी तालिमहरु
- स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सेवा विस्तार
- विपन्न लक्षित वर्गका लागि पशुपालन अनुदान
- मल, विउ तथा प्रविधि अनुदान

प्रमुख प्रशासकीय अधिकृत

# भीमेश्वर नगरपालिका
## वस्ती स्तरमा आयोजना तर्जुमा फारामको ढाँचा

वडा नं. ................ वस्ती/टोलः ................................

आ.व. २०७९/८०

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | कार्यक्रम/आयोजना /क्रियाकलापको स्थल | विनियोजित रकम रु.' |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | कृषि | पशुपन्छी सेवा कार्यक्रम | पशु स्वास्थ्य शिविर | | | |
| | | | | | | |
| | | पशुपन्छी उत्पादन | | | | |
| | | | | | | |
| | | पशुपन्छी रोग नियन्त्रण कार्यक्रम | | | | |
| | | | | | | |
| | | वाली / फलफूल विकास कार्यक्रम | बेर्ना / विऊ उत्पादन | | | |
| | | | | | | |
| | | माटो व्यवस्थापन कार्यक्रम | माटो परीक्षण | | | |
| | | | | | | |
| | | | टनेला व्यवस्था | | | |
| | | | | | | |
| | | | प्रविधि / औजार / उपकरण सहयोग | | | |
| | | | | | | |
| | | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | वजार विकास प्रवर्धन | | | |
| | | | | | | |
| | उद्योग तथा वाणिज्य | घरेलु तथा साना उधोग विकास | | | | |
| | | उधोग व्यवसाय विकास | | | | |
| | पर्यटन | पर्यटन प्रवर्द्धन / विकास कार्यक्रम | | | | |
| | | | | | | |
| | | पर्यटन पूर्वाधार | पार्क निर्माण वा मर्मत | | | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | कार्यक्रम/आयोजना /क्रियाकलापको स्थल | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| | | विकास कार्यक्रम | | | | |
| | | | पदमार्ग निर्माण वा मर्मत | | | |
| | वित्तीय क्षेत्र | सहकारी / वैंक / वित्तीय संस्था | सहकारी / वैंक / वित्तीय संस्था | | | |
| | | | | | | |
| | | | | | | |
| | विविध | | | | | |
| | | | | | | |
| | | | | | | |
| सामाजिक विकास | शिक्षा | आधारभूत शिक्षा कार्यक्रम | विद्यालय भवन निर्माण | | | |
| | | | कक्षा कोठा(मा सुधार | | | |
| | | | खेलकुद मैदान निर्माण | | | |
| | | | | | | |
| | | माध्यमिक शिक्षा कार्यक्रम | विद्यालय भवन निर्माण | | | |
| | | | कक्षा कोठामा सुधार | | | |
| | | | | | | |
| | | | खेलकुद मैदान निर्माण | | | |
| | | | | | | |
| | | पुस्तकालय तथा वचनालय कार्यक्रम | पुस्तकालय भवन निर्माण | | | |
| | | | | | | |
| | | | पुस्तकालमा फर्निचर व्यवस्थापन | | | |
| | | | | | | |
| | स्वास्थ्य | खोप कार्यक्रम | दादुरा खोप | | | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | कार्यक्रम/आयोजना /क्रियाकलापको स्थल | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य सेवा प्रवर्धन | | | | |
| | | | | | | |
| | खानेपानी तथा सरसफाइ | खानेपानी आयोजना सम्बन्धी कार्यक्रम | खानेपानी आयोना | | | |
| | | | | | | |
| | | मुहान संरक्षण तथा आपूर्ति कार्यक्रम | मुहान संरक्षण | | | |
| | | | खानेपानी पाइप व्यवस्थापन | | | |
| | संस्कृति प्रवर्द्धन | कला /भाषा संस्कृति संरक्षण कार्यक्रम | | | | |
| | | | | | | |
| | | | | | | |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | महिला सशक्तीकरण कार्यक्रम | महिला उद्यमशीलता विकास | | | |
| | | | | | | |
| | विविध | | | | | |
| पूर्वाधार विकास | सडक तथा पुल (झोलुङ्गे पुल समेत) | यातायात पूर्वाधार कार्यक्रम | ग्रामीण सडक मर्मत तथा सुधार वा स्तरोन्नती | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | कृषि तथा अन्य सडकको निर्माण | | | |
| | | | | | | |
| | | पुल /झोलुङ्गे पुल कार्यक्रम | | | | |
| | | | | | | |
| | सिचाई | थोपा सिंचाई कार्यक्रम | पोखरी निर्माण | | | |
| | | | | | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यक्रम/आयोजना/क्रियाकलापको स्थल | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| | | नहर सिंचाई कार्यक्रम | नहर निर्माण/ मर्मत | | | |
| | | | | | | |
| | भवन तथा शहरी विकास | सार्वजनिक भवन निर्माण कार्यक्रम | भवन निर्माण तथा मर्मत | | | |
| | | | | | | |
| | | | | | | |
| | | | मन्दिर निर्माण | | | |
| | | | | | | |
| | | सार्वजनिक स्थल मर्मत सम्भार कार्यक्रम | | | | |
| | | | | | | |
| | ऊर्जा | वैकल्पिक ऊर्जा कार्यक्रम | | | | |
| | | | | | | |
| | लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत) | | | | | |
| | | | | | | |
| | सञ्चार | | | | | |
| | | | | | | |
| | विविध | | | | | |
| | | | | | | |
| | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | भूमि व्यवस्था कार्यक्रम | बाढी पहिरो नियन्त्रण कार्यक्रम | | | | |
| | | | | | | |
| | | | | | | |

माथीको ढाँचा भरीसके पछि निम्न प्रकियामा काम गर्नुपर्ने छ ।

क. आयोजना प्राथमिकीकरणका आधारहरू :

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

| क.स. | प्राथमिकताका सामान्य आधार आधार | अंकभार |
|---|---|---|
| १ | स्थानीय उत्पादन र आयमा वृद्धिमा योगदान | १५ |
| २ | स्थानीय प्राथामिकता र तुलनात्मक लाभमा योगदान | १० |
| ३ | दिगो विकास लक्ष्य प्राप्तीमा योगदान ( SDG 1 SDG 8: गरिवी, रोजगारी) | १० |
| ४ | सरोकारवालाको सहभागीताको अवस्था | १० |
| ५ | समाावेशीकरणमा योगदान | १० |
| ६ | क्रमागत र छिटो सम्पन्न हुने आयोना | १५ |

## ख).आयोजना प्राथमिकीकरण निम्न ढाँचामा गर्नुपर्ने छ ।

| क.सं. | आयोजनाको नाम | स्थानीय उत्पादन र आयमा वृद्धिमा योगदान ( १५ अंक) | स्थानीय प्राथामिकता र तुलनात्मक लाभमा योगदान (१० अंक) | दिगो विकास लक्ष्य प्राप्तीमा योगदान - **SDG 1 SDG 8:** गरिवी, रोजगारी) (१० अंक) | सरोकारवालाको सहभागीताको अवस्था (१० अंक) | समाावेशीकरणमा योगदान (१० अंक) | सक्रमागत र छिटो सम्पन्न हुने आयोना ( १५अंक) | कुल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |
| ९. | | | | | | | | | |

**नोट :**आयोजनाहरूको प्राथमिकता क्रम निर्धारण गर्दा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नुपर्ने छ ।

| क.स. | अङ्क भार | प्राथमिकता नं. |
|---|---|---|
| १. | ५६ अङ्क भन्दा बढी प्राप्त भएमा | १ |
| २. | ५६ देखि ४२ अङ्क प्राप्त भएमा | २ |
| ३. | ३५ देखि ४२ अङ्क प्राप्त भएमा | ३ |
| ४. | ३५ अङ्क भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

**नोट :**यसरी आयोजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेका आयोजनाहरू छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ मा परेका आयोजनाहरू छनौट गर्न सकिने ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७२

प्रमुख प्रशासकीय अधिकृत

# वडाले नगरपालिकामा आयोजना पेश गर्ने ढाँचा

## भीमेश्वर नगरपालिका
## आयोजना पेश गर्ने ढाँचा
## चरिकोट, दोलखा

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

वडा नं. : .................

| क.स. | क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | कार्यक्रम /आयोजना /क्रियाकलापको | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |
| ११. | | | | | | | |
| १२. | | | | | | | |
| १३. | | | | | | | |
| १४. | | | | | | | |
| १५. | | | | | | | |
| | | | | | | जम्मा रकम | |
| | | | | शहरी शासकीय तथा पूर्वाधार आयोजना | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| | | | | | | जम्मा रकम | |
| | | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| | | | | | | जम्मा रकम | |
| | | | | नगर स्तरीय आयोजनाको (माग) | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

सम्पर्क अधिकृत :

नाम :

दस्तखत :

वडा अध्यक्ष :

नाम :

दस्तखत :

प्रमुख प्रशासकीय अधिकृत

क). नगरपालिकास्तरीय गौरवका आयोजना, बहुवर्षिय आयोजनाहरू र दुई वा सो भन्दा बढी वडामा पर्ने आयोजनाहरू निम्न ढाँचामा हुनुपर्नेछ ।

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिसँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

वडागत योजना तर्जूमा निम्नानुसारको कार्य तालिका बमोजिम गनुपर्ने छ ।

| क.स. | कार्य विवरण | समय |
|---|---|---|
| १. | संघीय/प्रादेशिक सरकारबाट बजेट सिलिङ तथा मार्गदर्शन प्राप्त | चैत्र चौथो हप्ता |
| २. | राजश्व परामर्श समिति वैठक तथा राजश्वको अनुमान तयारी | जेष्ठ २६ र २७ |
| ३. | श्रोत अनुमान तथा बजेटको कुल सिमा र मार्गदर्शन निर्धारण | जेष्ठ २८ |
| ४. | वस्ती/टोल स्तरका योजना छनौट गोष्ठिहरु | जेष्ठ २९, ३०, ३१ |
| ५. | वडाहरुमा विषयगत योजना छनौट र प्राथामिकीकरण | असार १ |
| ६. | वडाहरुमा एकिकृत योजना तर्जूमा गरी नगरपालिकामा पेश | असार २ |
| ७. | विषयगत समितिहरुका वैठकहरु | असार ३, ४ |

**ख) वडास्तरीय योजना तर्जुमाका लागी तोकिएको जिम्मेवारीः**

योजना पद्दतीलाई प्रभावकारी वनाउन तपसिल वमोजिम बरिष्ठ प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोकिएको हुँदा प्राविधिक कर्मचारी, वडा सचिव र पदाधिकारी विच पर्याप्त छलफल र सवल समन्वय हुने आपेक्षा गरिएको छ ।

**तपसिल**

सुरेश राउत - वडा नं १ ,२, ८

रामजी थापा - वडा नं ३,४,९

नारायण प्रसाद शिवाकोटी वडा नं ५, ६, ७

सम्बन्धित वडा प्राविधिक र वडा सचिव

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

**ग) कार्यतालिका : (यस आ.व. का लागि परिमार्जित दफा ७१ का आधारमा तपशिलको समय र कार्यतालिका निर्धारण गरिएको छ ।)**

- बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट एकिकृत योजना..................असार ५ गते
- नगरपालिकाको तयारी र नीति मस्यौदा......................................असार ६ र ७ गते
- कार्यपालिका बैठकबाट पारित गर्ने.................................................असार ७ गते
- नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने.................................असार ९ गते
- नगरसभामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने.................................असार १० गते
- नगरसभामा छलफल, विधेयक पारित ..........................................असार २५ गते
- राजपत्र प्रकाशन, पुस्तक छपाई र वितरण .....................................असार ३० गते

  स्वीकृत भएको सात दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी- दफा ७३ (१)

**घ) वजेटको दस्तावेज मस्यौदा तयार गर्न तपसिलको कार्यटोलि गठन गरिएको छ ।**

**तपसिल**

नारायण प्रसाद सेढाई - संयोजक

जगदीश अर्याल - सदस्य

नारायण प्रसाद शिवाकोटी - सदस्य

किरण दहाल - सदस्य

अर्जुन बहादुर लामा - सदस्य

ज्ञानुकुमार खड्का - सदस्य

उद्धब प्रसाद अधिकारी - सदस्य

निर्धारित तालिकाबमोजिम तोकिएको जिम्मेवारी वहन गर्नुभई उत्कृष्ट बजेट दस्तावेज तयार पार्न योगदान गर्नुहुने अपेक्षा व्यक्त गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत